# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।०९ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

-------------------------------------------------------

साविक गाउँ विकास समितिको कार्यालय, बथनाह हाल गाउँ विकास समितिको कार्यालय, मझौरा बिसनपुर महोत्तरीमा कार्यरत गा.वि.स. सचिव गुलाव चौधरीले गा.वि.स.को कार्यालय बथनाहमा कार्यरत रहँदा सेवाग्राहीको पेश्की फछ्यौंट गर्ने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, बर्दिबासबाट खटि गएको टोलीले निज गा.वि.स. सचिव गुलाव चौधरीले रु.१०,०००।-(दश हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुदाँ निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक गुलाव चौधरीलाई रु.१०,०००।-(दश हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी